नेपाल सरकार
फोन :४२००२९८
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाण्डौ
(सूचना तथा प्रविधि शाखा)

प.सं.: २०७६/७७
च.नं.: १६२
मितिः- २०७६/६/२९

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री महा/उपमहा/नगरपालिकाहरु — सवै,
श्री गाउँपालिकाहरु — सवै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ०७६/०७७ मुद्दा, पुनरावेदन तथा वहश पैरवी महाशाखाको मिति २०७६।६।१५ च.नं. ५८७१ को पत्र यसै साथ संलग्न रहेको छ । व्यहोरा पत्रवाटै अवगत गर्नु भई शिक्षा नियमावली, २०५९ विपरीत शिक्षक नियुक्ति नगर्न/नगराउनु हुन सम्मानित आयोगको निर्णयानुसार अनुरोध छ ।

०७६।६।२९

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
मुद्दा, पुनरावेदन तथा वहश पैरवी महाशाखा ।

कयमं

☎ : ५२६२१८०
: ५२६२२४७
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ५२६२१२८, ५२६२१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

अत्यन्त जरुरी/गोप्य

०७६/०७७ मुद्दा, पुनरावेदन तथा बहश पैरवी महाशाखा

पत्र संख्या :-

चलानी नं. :- ४८६१

विषयः निर्णयनासुर गर्नु गराउनु हुन ।

मितिः २०७६।०६।१५

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ,
सिंहदरबार, काठमाण्डौं।

श्री शिक्षा, विज्ञान तथा मन्त्रालय
सिंहदरबार, काठमाण्डौं।

उपरोक्त सम्वन्धमा पर्सा जिल्ला, जगरनाथपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय जगरनाथपुरका शिक्षा अधिकृत (विद्यालय निरीक्षक) राजेश्वर प्रसाद चौरसियाले गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा राहत शिक्षक र बालविकास सहयोगी नियुक्तिमा अनियमितता गरेको भन्ने आयोगमा दर्ता हुन आएको उजुरी सम्वन्धमा आयोगबाट तपसिल बमोजिमको सुझाव लेखि पठाउने भन्ने भएका निर्णयनुसार लेखि पठाईएको व्यहोरा अनुरोध गरिएको छ ।

तपसिल

| नि.स. | निर्णय मिति | आयोगको निर्णय व्यहोरा |
|---|---|---|
| ११४ | २०७६।०५।१९ | " कुनै पनि विद्यालयले आफुलाई आवश्यक शिक्षक रिक्त दरबन्दीमा तोकिएको प्रकृया पूरा गरी नियुक्ति गर्न सक्ने गरी शिक्षा नियमावली, २०५९ को नियम ९७ मा भएको व्यवस्था बमोजिम दरबन्दी नभएको स्थानमा नियुक्ति वा शिक्षक सरुवा गर्न नहुने भनी नियम ९८ को उपनियम (३) ले कानूनविपरीत कसैले कुनै व्यक्ति वा शिक्षकलाई नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षकको लागि तलव भत्तावापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुलउपर गरिनेछ भनी व्यवस्था गरेको छ भने विद्यमान कानूनी व्यवस्थाले गाउँपालिका प्रमुखलाई विद्यालयमा शिक्षक नियुक्ति गर्ने अधिकार दिएको देखिँदैन । गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुरका गाउँपालिका अध्यक्षबाट मिति २०७५।२।१ मा बढीमा ४ महिनाको लागि भनी नियुक्त गरिएका शिक्षक प्रमोद राम र नौसाद आलमका लागि तलव भत्तावापत निकासा भइ निजहरूले बुझिलिएका रकम रु.२,४१,७००।- कोष तथा लेखा नियन्त्रकको कार्यालय, पर्सा, विरगंज वेरुजु खाता शीर्षक १५१११ मा मिति २०७६।५।१ मा वेरुजु दाखिला भई सोको भौचरसमेत प्राप्त हुन आएको र निजहरूको नियुक्ति करार अवधिसमेत समाप्त भइसकेको पाइएको समेत संलग्न कागजाजबाट देखिई भ्रष्टाचारको कसूर प्रमाणित हुने अवस्था नभएता पनि आफूलाई कानूनले दिएभन्दा बढी अधिकारको प्रयोग गरी अख्तियारको दुरुपयोगबाट भ्रष्टाचारजन्य कार्यले प्रश्रय पाउने हुँदा यस्ता कार्यलाई निरुत्साहित पार्न आवश्यक व्यवस्था गरी कार्यान्वयन गर्न गराउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ख) बमोजिम नेपाल सरकार, शिक्षा मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसमेतलाई सुझाव लेखिपठाउने" |

(चन्द्रबहादुर सिंजाली)
अनुसन्धान अधिकृत

नोटः कृपया पत्राचार गर्दा पत्र संख्या अनिवार्य उल्लेख गर्नु होला ।